"कृषि विकास र भौतिक पुर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउने हाम्रो रहर"

# रतुवामाई नगरपालिका

RATUWAMAI MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

सिजुवा, मोरङ
Sijuwa, Morang,

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

मिति :२०८३/०४/१४
ने.सं. ११४५ दिल्लागा १ बिहिवार

## मौजुदा सूचीमा दर्ता गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/०८४ को लागि आवश्यक पर्ने तपसिलको सामान आपूर्ति गर्ने, निर्माण कार्य गर्ने, परामर्श सेवा दिने तथा अन्य सेवा प्रदान गर्ने सार्वजनिक खरिद ऐन २०६३, नियमावली, २०६४ को नियम १९ को उपनियम (१) बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने कालोसूचीमा नपरेका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकहरुले देहायका कागजातको प्रतिलिपी संलग्न गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ उपनियम (१) बमोजिमको अनुसूची २(क)को ढाँचामा निवेदन पेश गर्नहुन जानकारी गराईन्छ।

उपरोक्त बमोजिमको सेवा कार्यालयमा प्रदान गर्न इच्छूक आपूर्तिकर्ताहरुले कार्यालयमा सम्बन्धित रितपूर्वक तोकिएको ढाँचामा आफुले गर्न चाहेको कार्यको बिस्तृत विवरण सहितको निवेदन दर्ता गराउनु पर्नेछ। आवश्यक कागजात सहित रितपूर्वक भरिएको निवेदन उपर आवश्यक जाँचबुझ गरी योग्य देखिएमा कार्यालयले मौजुदा सूचीमा दर्ता गरी अभिलेख राख्ने छ। कार्यालयमा मौजुदा सूचिमा दर्ता भए पश्चात मात्र सम्बन्धित आपूर्तिकर्तासँग कार्यालयले कारोवार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातको प्रतिलिपिहरु:

(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र,
(ख) स्थायी लेखा नं. (PAN) वा मू.अ.कर (VAT) दर्ताको प्रमाण पत्र,
(ग) आ.व. ०८२/०८३ को कर चुक्ता प्रमाणपत्र,
(घ) आवश्यकता अनुसारको सम्बन्धित निकायबाट प्राप्त व्यवसायिक इजाजत पत्र,
(ङ) नगरपालिकाको राजस्व शाखामा रु. ५१०/- को राजस्व तिरको भौचर ।

तपसिलः
१. मालसामानको आपूर्ति
क) स्टेशनरी (मसलन्द सामान)
ख) कम्प्युटर उपकरण (कम्प्युटर, प्रिन्टर तथा अन्य कम्प्युटरजन्य सामाग्रीहरु)
ग) छपाई सम्बन्धी कार्य
घ) इलेक्ट्रिकल सामानहरु
ङ) फर्निचरहरु
च) पुस्तक तथा पत्रपत्रिका
छ) सवारी साधन(मोटरसाईकल, स्कुटर)

कुल प्रसाद ताजपुरिया
अधिकृत आठौं तह

कार्यालय सम्पर्क: फोन: ०२१-४१४०५७, इमेल: ratuwamaimunicipalityinfo@gmail.com
वेबसाइट: www.ratuwamaimun.gov.np फेसबुक: www.facebook.com/RatuwamaiMunicipalitySijuwaMorangNepal

ज) सवारी साधनको पार्टपुर्जा

२. औषधी तथा औषधीजन्य सामाग्रीहरु:

क) मानव स्वास्थ्य औषधी तथा औषधीजन्य सामाग्रीहरु

ख) पशु स्वास्थ्य औषधी तथा औषधीजन्य सामाग्रीहरु

ग) कृषि विषादी, औजारहरु तथा उपकरणहरु

३. निर्माण/मर्मत सम्बन्धी कार्य तर्फ

क) कम्प्यूटर उपकरण, प्रिन्टर तथा अन्य कम्प्यूटर उपकरण मर्मत

ख) इलेक्ट्रीक सामान मर्मत

ग) फर्निचर/स्टील तथा स्टील राइज, टेबुल, कुर्सी, मेच/आदी मर्मत

४. परामर्श सेवा

५. अन्य सेवा

अन्य जानकारीहरु:

क) सूचीकृत हुन यस कार्यालयले तयार गरेको सूची दर्ता फारम भरी निवेदन पेश गर्नु पर्नेछ । सूचि दर्ता फारम यसै सूचना साथ संलग्न रहेको छ।

ख) एक वा एक भन्दा बढी कार्य तथा सेवाका लागि निवेदन पेश गर्न चाहेमा माग गरेको कागजातहरु संलग्न गरी छुट्टा छुट्टै निवेदन पेश गर्नु पर्नेछ।

ग) यस कार्यालयमा हाल सूचीकृत रहेका सेवा वा फर्महरुले आवश्यक कागजातहरु पेश गरी पुन सूचीकृत हुनुपर्नेछ ।

कुल प्रसाद ताजपुरिया
प्रशासन शाखा प्रमुख